# कर्मचारी संचय कोषका सूचना तथा विज्ञापनहरु प्रकाशन/प्रशारण गर्न शिलबन्दी दररेट पेश गर्नेबारे कोषमा सूचिकृत विज्ञापन एजेन्सीहरुलाई जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२/५/१)

कोषका विभिन्न सूचना तथा विज्ञापनहरु विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन तथा विद्युतीय संचार माध्यममा प्रशारण गर्न कोषमा सूचिकृत फर्म/कम्पनीहरुबीच प्रतिस्पर्धा गराई दररेट लिनुपर्ने भएकोले आ.ब. २०७२/७३ को लागि सूचना तथा विज्ञापन प्रकाशन सेवा तर्फ कोषमा सूचीकृत भएका विज्ञापन एजेन्सीहरुलाई (सूचीकृत विज्ञापन एजेन्सीहरुको नाम कोषको सूचना पाटी र कोषको वेभसाईटमा छ) देहाएका कुराहरु खुलाई सिलबन्दी रुपमा १५ (पन्ध्र) दिन भित्रमा कोषमा निवेदन दिनुहुन सूचित गरिन्छ । प्राप्त सिलबन्दी दरभाउपत्र निवेदन दिने अन्तिम मितिको भोलिपल्ट दिनको १:३० बजे सम्बन्धित विज्ञापन एजेन्सीका प्रतिनिधिहरुको रोहबरमा कोषको पुल्चोकस्थित खरिद शाखामा खोलिनेछ । सम्बन्धित विज्ञापन एजेन्सीका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्ने कार्य रोकिनेछैन ।

**निवेदनसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. विज्ञापनको काम गर्न सम्बन्धीत प्रकाशन/प्रशारण संस्थासित लिएको स्वीकृती ।

२. सम्बन्धीत प्रकाशन/प्रशारण संस्थामा राखिएको धरौटीको प्रमाणित पत्र (नवीकरण भए सो समेत) वा धरौटी राख्न नपर्ने भए सम्बन्धीत प्रकाशन, प्रसारण संस्थाको “धरौटी राख्नु नपर्ने” भन्ने प्रमाणित पत्र ।

३. फर्म वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. मु.अ.क. (VAT) तथा स्थायी लेखा नं. (PAN) दर्ताको प्रतिलिपि

५. आ.व. २०७०/७१ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०७१/७२ को कर विवरण पेश गरेको कागजात


**कर्मचारी संचय कोष**

पुल्चोक, ललितपुर ।

फोन नं. ५०१०१६७